# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.:

मितिः २०७७/०८/२८

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित मितिः २०७७/०८/२८)

सत्यवती गाउँपालिकामा आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्यन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालनका लागि **उद्यम विकास सहजकर्ता** पदमा करार नियुक्तिका लागि मिति २०७७/०८/०४ मा गरिएको विज्ञापन अनुसार मागपद संख्या २ (दुई) का लागि मिति २०७७/०८/२८ मा लिइएको अन्तर्वार्तामा १ (एक) जना मात्र उम्मेदवारको उपस्थिती भई छनौट भएकोमा मिति २०७७/०८/२८ गतेको पदपुर्ति समितिको बैठकको निर्णयानुसार यस गाउँपालिकाको लागि सोही पदमा थप १ (एक) जना कर्मचारी करार सेवामा भर्ना गर्नुपर्ने भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट मिति २०७७/०८/२९ गते सम्म यस कार्यालयमा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ । दरखास्त फाराम यसै सूचना साथ संलग्न रहेको व्यहोरा जानकारी गराइन्छ ।

तपसिलः

| क्र. सं. | वि.नं. | पद, सेवा, समुह | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १. | ०७-०७७/७८/MEDPA | उद्यम विकास सहजकर्ता | १ | रु ४००।- |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

१. **शैक्षिक योग्यताः**
   क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टि.ई.भि.टि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण, वा
   ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टि.ई.भि.टि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
   ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सि.टि.ई.भि.टि) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टि.एस.एल.सी.) उत्तीर्ण गरेको ।

२. **उमेरः** कम्तिमा १८ वर्ष पुरा भई ४० ननाघेको ।

३. **दरखास्त दिने स्थानः** सत्यवती गाउँ कार्यपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी ।अथवा परीक्षा दस्तुर वापतको रकम यस कार्यालयको एन. सि. सि. बैङ्क, सत्यवती शाखा, गुल्मीमा रहेको ग.१.१ आन्तरिक राजश्व खाता नं. १४७०००००१८३०१ मा जम्मा गरी भौचर सहित आवश्यक कागजातहरुको प्रतिलिपी यस कार्यालयको ईमेल satyawatigaunpalika@gmail.com मार्फत पेश गर्न सकिनेछ ।

४. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।

५. **आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपीहरु संलग्न हुनुपर्नेः**
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
   ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी
   ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी
   घ) अनुभव खुल्ने कागजात

६. **सेवा सुविधाः** सत्यवती गाउँपालिकाको निर्णय बमोजिम ।

**नोटः** परीक्षामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल कागजातहरु लिएर आउनुपर्नेछ । अनुभवीलाई ग्राह्यता दिइनेछ । विस्तृत जानकारीका लागि सम्पर्क नंः ०७९४११०७६ ।

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत